Date : ..................................

आज मिति २०८२ साल जेठ २९ गतेका दिन त्रिपुरासुन्दरी गाउँ कार्यपालिकाको आ.व. २०८१।०८२ को नवौं बैठक अध्यक्ष श्री भक्त ध्वज बोहराको अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयवस्तुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

| क्र.स | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री भक्तध्वज बोहरा | [signature] |
| २ | उपाध्यक्ष | श्री गिता कुमारी नेपाल | [signature] |
| ३ | वडा अध्यक्ष | श्री सिताराम थापा | [signature] |
| ४ | वडा अध्यक्ष | श्री रमेश राउत | [signature] |
| ५ | वडा अध्यक्ष | श्री शिव कुमार कार्की | [signature] |
| ६ | वडा अध्यक्ष | श्री टेक बहादुर गुभाजु | [signature] |
| ७ | वडा अध्यक्ष | श्री यादप श्रेष्ठ | [signature] |
| ८ | वडा अध्यक्ष | श्री रमेश बोहरा | [signature] |
| ९ | कार्यपालिका सदस्य | श्री विकास पहरी | |
| १० | कार्यपालिका सदस्य | श्री किरण थामी | |
| ११ | कार्यपालिका सदस्य | श्री स्वस्थानी गुरुङ | |
| १२ | कार्यपालिका सदस्य | श्री ज्ञानी थामी | [signature] |
| १३ | कार्यपालिका सदस्य | श्री रमिता वि.क. | |
| १४ | कार्यपालिका सदस्य | श्री देवकी दमाई ( नेपाली ) | [signature] |
| १५ | प्र.प्र.अ. (सदस्य सचिव) | श्री सुनिल नेपाली | [signature] |

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: आगामी गाउँसभाको तयारी सम्बन्धमा ।
प्रस्ताव नं २: छात्रवृत्ती रकम सम्बन्धमा ।
प्रस्ताव नं. ३ : आर्थिक सहायता सम्बन्धमा ।
प्रस्ताव नं ४ : अनिवार्य तथा नि:शुल्क शिक्षा घोषणा कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं ५ : कार्यविधि पारित सम्बन्धमा ।
प्रस्ताव नं ६ : विविध ।

**निर्णयहरु:**

**निर्णय नं. १:** त्रिपुरासुन्दरी गाउँपालिकाको आगामी गाउँ सभा २०८२ असार १० गते बस्ने तथा सभालाई सफलतापुर्वक सम्पन गर्न विषयगत समिति,विषयगत शाखा र वडाहरुलाई आवश्यक तयारी थाल्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २:** मिति २०८१ माघ १२ गतेको छात्रवृत्ती छनौट तथा सिफारिस समिति र २०८१ माघ २३ गतेको गाउँ शिक्षा समितिको बैठकको निर्णयानुसार उच्च शिक्षा छात्रवृत्तीको लागि छनौट भई सिफारिस भएका पाँच जना विद्यार्थीहरुलाई सिफारिस बमोजिमको रकम छात्रवृत्ती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** यस गाउँपालिकामा अन्तर्गत विभिन्न समयमा घटेका प्राकृतिक तथा गैरप्राकृतिक विपद्जन्य घटनाको जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्नका लागि राहत प्राप्तीका लागि आवश्यक कागजात सहित रितपूर्वक प्राप्त निवेदन, वडा कार्यालयको सिफारिस तथा अन्य प्रमाणिकरणका कागजातहरुका आधारमा निजहरुको घटनाको प्रकृती तथा अवस्थाका आधारमा राहत प्रदान गर्न बसेको स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार त्रिपुरासुन्दरी गाउँपालिका विपद् व्यवस्थापन कोष (संचालन) कार्यविधि, २०७५ को दफा ७(३) बमोजिम तपसिल बमोजिमका लाभग्राहीहरुका लागि उल्लेखित रकम विपद् व्यवस्थापन कोष मार्फत भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.सं. | नाम थर | ठेगाना | सहायता प्रदान गर्नुको कारण | रकम |
|---|---|---|---|---|
| १. | सकल बहादुर श्रेष्ठ | त्रिपुरासुन्दरी -५ | पहिरोले घरको आँगन लडी घर जोखिममा रहेको | १५००० |
| २. | साने श्रेष्ठ | त्रिपुरासुन्दरी -५ | पहिरोले घरको आँगन लडी घर जोखिममा रहेको | १५००० |
| ३. | मोहनलाल विश्वकर्मा | त्रिपुरासुन्दरी -५ | पहिरोले घरको आँगन लडी घर जोखिममा रहेको | १५००० |

साथै, यस गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७६(पहिलो संशोधन) अनुसार सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा देहायका व्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिस्कर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३